कृष्ण खनाल, झलक सुवेदी र मुक्त सिंह तामाङ । वि.सं. २०६५ । *राज्य पुनर्संरचना राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण*। काठमाडौं : मार्टिन चौतारी ।

जनआन्दोलन-२ ले मुख्यतः तीनवटा प्रक्रियाहरूको अन्त्य गर्‍यो । राजसंस्था र तन्त्र, केन्द्रीकृत एकात्मक राज्य र दशवर्षे सशस्त्र युद्ध । यी अन्त्यहरू महत्वपूर्ण थिए जसले नेपालको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा दीर्घकालिन प्रभाव पार्दथे । अन्त्य आफैंमा महत्वपूर्ण हुनुको साथै नयाँ प्रक्रिया र प्रणालीको थालनी गर्न झन् महत्वपूर्ण तथा अनिवार्य थियो र छ पनि । विगतमा नेपाली समाजको इन्द्रेणी स्वरूपलाई जहिले पनि एउटै रङ्गमा देख्न चाहने शासक वर्गहरूका आम दृश्यहरू यो आन्दोलनपछि बहुरंगी छ भनेर हेर्न थालिए । नयाँ संरचनामा पुराना असमान, विभेदकारी अभ्यास र मान्यताहरू नदोहोरिने गरी भिन्दै स्वरूपको राज्य व्यवस्थाको संस्थागत विकास गर्नुपर्ने ठूलो कार्यभार नेपाली राजनीति र बौद्धिक वृत्तमा देखा पर्‍यो । देशलाई नयाँ संरचनामा पुनः निर्माण, व्याख्या र परिभाषा गर्नुपर्ने देखियो ताकी कहाली लाग्दो द्वन्द्व नदोहोरियोस् ।

नयाँ संरचनाको प्रयास विगतमा नभएका हुँदै होइनन् । वि.सं. २०३७ सालमा नेपाललाई पाँच विकास क्षेत्रमा बाँडिएको थियो । मूलतः यो ‘विकास’ र प्रशासनिक विभाजन थियो । प्रख्यात भुगोलविद् डा. हर्क गुरुङले २५ जिल्लाको नयाँ संरचनाको अवधारणा बाहिर ल्याए । पहिलो पञ्चायती सुधारवादको नयाँ संरचना थियो भने पछिल्लो बहुदलीय प्रजातान्त्रिक कालमा आर्थिक मितव्ययिता अपनाउन ल्याइएको अवधारणा थियो । यी अवधारणाहरू, अभ्यास गरेरै वा अभ्यास नगरेर, जनआन्दोलन-२ पछि असान्दर्भिक ठहरिए ।

द्वन्द्वकालमा चाखलाग्दो कुरा के थियो भने गाउँका जनता सशस्त्र द्वन्द्वबाट जति प्रताडित थिए, शहरी बौद्धिक वर्गहरू त्यति थिएनन् । द्वन्द्वले शहरलाई गाँज्दै र प्रभाव पार्दै जाँदा बुद्धिजीवीहरूलाई चिन्तन गर्न बाध्य पार्‍यो । द्वन्द्व निकासका जुक्ति र दीर्घकालिन शान्ति स्थापना गर्ने एउटा उपाय थियो राज्यको पुनर्संरचना गर्नु । जसको

बहसले व्यापकता पनि पायो । विभिन्न क्षेत्रहरूलाई जातीय र भौगोलिक आधारमा छुट्ट्याएर माओवादीले युद्ध चर्काएको कुराले पनि सबैलाई नयाँ सिराबाट सोच्न बाध्य पाऱ्यो ।

२०६२ र ६३ को आन्दोलनपछि सङ्घीय राज्य बनाउने संकल्प अन्तरिम संविधानमा दर्ज भयो । यसै सन्दर्भमा व्यावहारिक अनुभव नगरेको देशको सङ्घीय स्वरूप कस्तो हुने ? के को आधारमा हुने ? त्यसमा मांसपेशीहरू कसरी भर्ने ? प्राथमिकता के के हुने ? भन्ने आम जिज्ञासालाई मेटाउन र त्यसलाई व्यवहारिक रूप दिन विद्धान्हरूद्वारा गरिएको मिहिनेतको उपज हो *राज्य पुनर्संरचनाः राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोण* । यो पुस्तक राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणबाट लेखिएको छ । यद्यपि यी तीनैवटा पाटाहरू एकआपसमा अन्तरसम्बन्धित विषय हुन् जसलाई यस पुस्तकमा छुट्टाछुट्टै रूपमा गहिरिएर व्याख्या, विश्लेषण र संश्लेषण गरिएका छन् ।

पुस्तकमा तीनवटा लेखहरू समावेश छन् । 'राज्य पुनर्संरचनाको भावी राजनीतिक गन्तव्य' शीर्षकको प्रथम लेख कृष्ण खनालको छ । 'गणतान्त्रिक नेपालको अर्थ-राजनीतिक' शीर्षकको दोस्रो लेख झलक सुवेदीको छ भने 'समानता, सङ्घीयता र बहुसांस्कृतिक राष्ट्रवाद' शीर्षकको अन्तिम लेख मुक्त सिंह तामाङको छ । यी लेखहरू विश्लेषणात्मक शैलीका छन् । अनुभव अजितले पुस्तकको प्राक्कथन लेखेका छन् । यसमा उनले पुस्तक र बहसको आवश्यकता, लेखकहरूको मूल बहस र निष्कर्षहरू सटिक ढङ्गले प्रस्तुत गरेका छन् । यसबाट लेखको बारेमा पहिले नै सामान्य जानकारी पाउन सकिन्छ । साथै, यसमा भावी सङ्घीय राज्यको सवाललाई राजनीतिक, आर्थिक र सांस्कृतिक दृष्टिकोणबाट गहिरो विश्लेषण गरेको पाइन्छ ।

प्रस्तुत पुस्तकमा लेखकहरूले पुनर्संरचनाको परिभाषा, यसको सैद्धान्तिक पक्ष, यसको कार्यान्वयन, विभिन्न सामाजिक समूहहरूको आकाङ्क्षा, पार्टीहरूको दृष्टिकोण र पुनर्संरचनाका प्रक्रियाहरूको बारेमा राजनीतिक पक्षबाट उल्लेख गरेका छन् । आर्थिक पाटोबाट तिनले नेपालको अर्थ-राजनीतिक इतिहास, अर्थ-राजनीतिक दृष्टिकोण र विचारधारा, आर्थिक रूपान्तरणका प्रस्ताव तथा सङ्घीय आर्थिक प्रणालीका संरचनाका बारेमा प्रकाश पारेका छन् । त्यसैगरी सांस्कृतिक दृष्टिकोणबाट नयाँ सङ्घीयता किन आवश्यक छ ? यसमा धर्म, जाति भाषा र सांस्कृतिक अधिकारका बारेमा स्थापित गरिनुपर्ने मान्यताहरूका बारेमा विश्लेषण गरेका छन् । लेखहरू उद्देश्य र विषयवस्तुको गहिराइसम्म पुगेका छन् । भावी बन्ने नेपालको सङ्घीय ढाँचालाई खुराक प्रदान गर्न यो पुस्तक लेखिएको प्रस्ट हुन्छ ।

लोकतान्त्रिक गणराज्य, सङ्घीय राज्य निर्माणका आधार, समानुपातिक प्रतिनिधित्व, सत्ता साझेदारी, बहुभाषिक राज्य नीति, समानुपातिक प्रतिनिधित्व, सकारात्मक विभेद, आर्थिक रूपान्तरण, विकास, वृद्धि, निजीक्षेत्र र सरकारले गर्नुपर्ने लगानी र हस्तक्षेप, भूमि-व्यवस्था र यसको समान वितरण, ऋण सहयोग, सांस्कृतिक समानता, जातीय,

क्षत्रिय समानता, बहुसांस्कृतिकवाद, धर्मनिरपेक्षता र राष्ट्रवादजस्ता महत्वपूर्ण सवालहरू यो पुस्तकमा समावेश छन् ।

पुनर्संरचना गर्नुपर्ने कारणहरूको बारेमा लेखकहरूले चर्चा गरेका छन् । विगतका राज्य र पार्टीहरूले बहिष्करणमा पारेका समुदायहरू, निश्चित जात, धर्म र भाषाको क्षेत्रमा भएका एकल वर्चस्वको कुरा पनि यसमा उल्लेख गरिएको छ । विगतका कमीकमजोरीहरू, वर्तमान विश्वपरिवेशमा अभ्यास भएका विभिन्न सकारात्मक तथा नकारात्मक उदाहरणहरूको चर्चा पनि यसमा छ । वर्तमान नेपालको विश्लेषण गरेर भावी सङ्घीय संरचनामा यी कुराहरू हुनुपर्छ भन्ने तथ्यगत तर्कहरू अगाडि सार्नुका साथै विगतका तीता अनुभवहरू र भावी सङ्घीय राज्यहरूमा हुनुपर्ने मीठा मुद्दाहरूको विधागत गहिराइमा गएर लेखकहरूले चर्चा गरेका छन् । हरेक अध्यायमा विभिन्न शीर्षक र उपशीर्षकहरू दिएर विश्लेषण गरेको पाइन्छ जसले उद्देश्य र विषयवस्तुलाई प्रष्ट गरेका छन् र गहिराइसम्म पुऱ्याएका छन् । पुस्तकमा जम्मा आठवटा तालिकाहरू छन् ।

राष्ट्र/राज्यहरूको अवधारणामा व्यापक परिवर्तन आएको र यसको ठाउँ बहुराष्ट्रिय राज्यले लिएको कुरा खनालले उल्लेख गरेका छन् । यो नेपालको सन्दर्भमा राष्ट्र-राज्यलाई बुझ्ने र नयाँ स्वरूप बनाउने नयाँ सिरा हो । यसको व्यवस्थापन पनि जटिल सवाल हो । खनाल लेख्छन्, "अहिलेको मुद्दा वर्ग प्रधान होइन, पहिचान प्रधान हो" (पृ. ३-४) । त्यस्तै सुवेदीले पनि पहिचानविनाको सङ्घीयताको अर्थ छैन भन्ने तर्क गरेका छन् । यही तथ्यलाई तामाङले बहुसांस्कृतिक राष्ट्रवादको कोणबाट तर्क गरेका छन् । यसले भावी सङ्घीय राज्यमा पहिचानको सवालले प्राथमिकता पाउनु पर्छ भन्ने निष्कर्ष निकालेको छ । तर नेपालको सन्दर्भमा पहिचान मात्रै प्रधान होइन बरु दुबै प्रधान हुन् । यस पुस्तकमा गरीबीको रेखामुनी रहेका तामाङहरूको सङ्ख्या ६१ र चेपाङहरूको ६७ प्रतिशत (पृ. १११) रहेको तथ्य प्रस्तुत गरिएको छ । साथै भूमिहीन किसानहरूको सङ्ख्या पनि तालिकामा देखाइएको छ । यसले वर्गीय सवाललाई कम आँक्न नहुने देखिन्छ । बरु दुवैलाई सँगसँगै लैजानुपर्ने यथार्थता यही पुस्तकमा प्रस्तुत छ ।

लेखकहरूले विभिन्न पार्टीहरूको घोषणापत्रमा उल्लेख भएका सवालहरूलाई विश्लेषण गरेका छन् । जस्तैः राज्य पुनर्संरचना, आर्थिक पाटो र सङ्घीय इकाईहरूको बारेमा पार्टीहरूको घोषणापत्रको विश्लेषण यसमा छ । सङ्घीयताको खाका सम्बन्धमा माओवादी अरू पार्टीहरूभन्दा स्पष्ट भएर होला लेखकहरूले यसलाई प्राथमिकतामा राखेका छन् । सङ्घीयताको मागका बारेमा पहिलेदेखि नै विभिन्न सामाजिक समूहहरूले उठाउँदै आएको कुरा खनाल र तामाङले उल्लेख गरेका छन् । सुवेदीले माओवादीलाई मात्रै उद्धृत गरेका छन् । यसबाट के देखिन्छ भने सबैभन्दा बढी सङ्घीयता आदिवासी, जनजाति र मधेसीहरूलाई चाहिएको छ । यो माग २०४६ सालको जनआन्दोलनभन्दा

पनि पहिलेदेखिको हो र अहिले यसले मूर्तरूप पायो भन्ने देखिन्छ । सबै राजनीतिक दलहरूले नेपालको अखण्डतालाई ध्यानमा राखेको कुरा पुस्तकमा उल्लेख छ । सङ्घीयताका नाममा वा बहुराष्ट्रवादका नाममा स्वतन्त्र राज्य नबनाउन यस प्रतिबद्धताले महत्वपूर्ण भूमिका खेल्दछ । तर अखण्ड, भौगोलिक र सङ्घीयता प्राथमिक मात्रै होइन, अनिवार्य सवाल पनि हो ।

भाषाका बारेमा दुईवटा लेखकहरूको समान धारणा पाइन्छ । भावी सङ्घीय राज्यमा त्रैभाषिक नीति अपनाउनुपर्छ भन्ने मान्यता त्यहाँ छ । धर्म-निरपेक्ष हुनुपर्छ भन्ने सामान्य छलफल खनालले गरेका छन् भने तामाङले यसलाई व्यवहारमा नै प्रयोग गरिनुपर्छ भन्ने तर्क गर्दै यस्तो लेखेका छन्, “दशैं खर्चको नाममा एक महिनाको तलब सित्तैमा वितरण हुनु स्रोतको झन् ठुलो दुरुपयोग भयो” (पृ. १४१) । तामाङको यो भनाइले धर्म-निरपेक्ष भनिए पनि एउटा धर्म मान्ने समुदायको चाडपर्वलाई मात्र राज्यले बढी महत्त्व र प्राथमिकता दिएकोतर्फ लक्षित छ । निश्चय पनि यसले व्यवहारिक रूप लिन केही समय लाग्ला तर यही स्थिति सधैं रह्यो भने धर्म-निरपेक्षता केवल कागजमा मात्र सीमित रहने छ । संस्था अन्त्य भए पनि संस्कार अन्त्य नभएको यसबाट स्पष्ट देखिन्छ ।

शिक्षा, स्वास्थ्य, जीवन वृत्तकोष, खाद्य सुरक्षा, खानेपानी, विद्युत, संचार र कलकारखानामा समान पहूँच पुग्न राज्यले भूमिका खेल्नु पर्छ भन्दै कृषि, उद्योग, कलकारखाना र निर्माण क्षेत्रका मजदुरहरूको जीविकोपार्जन मामलामा राज्यले हस्तक्षेप गर्नुपर्ने जिकिर लेखकहरूको छ । औद्योगिक विकास, पर्यटन, जलश्रोत, बैंकिङ र व्यापार क्षेत्रमा निजी क्षेत्रले लगानी गर्नुपर्छ भन्ने उल्लेख छ । भूमिको पुनर्वितरण हुनुपर्ने, स्थानीय प्राकृतिक श्रोत साधनहरू स्थानीय समुदायले नै भोगचलन गर्न पाउने व्यवस्था गर्नुपर्ने तर्क गरिएको छ । विकासका संभावनामा पर्यटन विकासलाई मुख्य जोड दिनुपर्ने तथा नेपालको विकासको मोडेल अरू देशसँग नमिल्ने हुनाले नेपाली मोडल नै तयार पार्नुपर्छ भन्ने तर्क लेखकहरूको छ ।

सुवेदीले परनिर्भरताको निकृष्ट उदाहरण देखाउन खोजेका छन् । वैदेशिक सहायता र ऋणले परनिर्भर बनाएको सन्दर्भलाई उनले यसरी उल्लेख गरेका छन्, “हुँदा हुँदा गाउँघरमा चर्पी बनाउनेदेखि प्रधानमन्त्रीको कार्यालय सजाउने सम्मका काममा बैदेशिक सहयोग र ऋणले काम गर्न थाल्यो” (पृ. ९५) । बैदेशिक ऋण र सहयोग पनि आवश्यक छ तर यसलाई कसरी घटाउन सकिन्छ भन्ने बलियो आधार खोज्नु पर्ने कुरा पुस्तकमा औंल्याइएको छ । मूलतः अहिलेको विश्वव्यापीकरण एकाधिकार पूँजीवादी प्रकृतिको हो भन्ने आम मान्यता छ ; पराश्रित-पूँजीवाद विस्तार भयो भन्ने र यसको समाधान समाजवादी अर्थ-राजनीतिमा खोज्ने । फेरि पूँजीवादी विश्वव्यापीकरणबाट पन्छिन नमिल्ने, यस्तो अक्करमा परेको गरीब देशको नयाँ आर्थिक मोडेल के होला ? लेखकले

नयाँ आर्थिक मोडेल स्पष्ट देखाउनु पर्थ्यो । समाजवादमा नगएर पनि मलेशिया, सिँगापुर र श्रीलङ्काजस्ता साना देशहरूले द्रुत गतिमा विकास गरिरहेका छन् ।

पूँजीको लगानी चक्रीय प्रणालीमा नेपालमै भए र यसको बजार निश्चित भए आत्मनिर्भर अर्थतन्त्रतर्फ मुलुक उन्मुख हुन सक्छ । सङ्घीय राज्यहरू पनि आत्मनिर्भरभन्दा 'खासा निर्भर' नहोलान् भन्न सकिन्न । धेरै कुराहरूमा राज्यले हस्तक्षेप गर्नुपर्छ भन्ने तर्क पुस्तकमा छ तर राज्यलाई आवश्यक पर्ने पूँजी गरिब जनताले कसरी सञ्चय गरिदिन सक्छन् ? फेरी ऋण र सहयोगको चक्रिय प्रणालीमा फस्ने पो हो कि ? सङ्घीय राज्यहरूमा राष्ट्रिय पूँजी लगानीको ठाउँ खुकुलो छोड्नुपर्छ जसले लगानी र पुन:लगानी गर्ने ठाउँ पाओस् । सुवेदीको तर्क छ, "साम्यवादी, समाजवादी, उदारवादी र पहिचानवादी सबैलाई एकै ठाउँमा उभ्याउनु पर्छ" (पृ. ७८) । यी वादीहरूको सधैं द्वन्द्व चलिरहन्छ । यस्तो अवस्थामा सबै एक ठाउँमा उभिन कसरी सक्लान् ? यिनीहरूको बहसको निष्कर्ष खिचडी नहोला भन्न सकिन्न ।

परम्परागत बेलायती मोडलको लोकतन्त्रभन्दा देश र परिस्थितिअनुसारको नयाँ लोकतान्त्रिक मोडल खोज्नुपर्छ भन्ने तर्क खनालको छ । स्वीजरल्याण्डको उदाहरण दिँदै लोकतान्त्रिक विधि र प्रक्रिया, समावेशीपूर्ण सहभागिता, सकारात्मक विभेदका नीति भावी सङ्घीय संरचनामा राखिनुपर्ने सवाल हुन् भन्ने तर्क खनालले गरेका छन् । समानतामूलक बहुसांस्कृतिक राष्ट्रवादको नयाँ मोडेल हुनुपर्ने तर्क पनि उत्तिकै बलियो छ । भावी सङ्घीय संरचनामा तीन तह- केन्द्रीय, प्रादेशिक र स्थानीय हुनुपर्छ भन्ने प्रस्ताव यस पुस्तकमा गरिएको छ । साथै सङ्घीय संरचनामा सबै समूहको आकाङ्क्षालाई कसरी सुनिश्चितता गर्न सकिन्छ र यसको राजनीतिक तथा सामाजिक-सांस्कृतिक पक्ष र विधि के हुने भन्नेबारे पुस्तकमा राम्ररी उल्लेख गरिएको छ । सङ्घीयताले देश नटुक्रिने, झन् बलियो हुने यो लेखकहरूका विश्वास छ ।

सङ्घीय राज्यहरूमा पुनर्गठन र पुनर्संरचनालाई खुल्ला राख्नुपर्छ भन्ने तर्क पुस्तकमा छ । यसको अर्थ सङ्घीय एकाईहरूलाई गतिशील बनाउनु पर्छ भन्ने हो । तर यसले सङ्घीय इकाईहरू छिटोछिटो परिवर्तन गर्नुपर्ने अस्थिर स्थिति नआउला भन्न चाहिँ सकिन्न । सङ्घीय राज्यका नागरिकहरूको साझा प्रकारको नागरिकता हुनुपर्छ भन्ने मान्यता राम्रो छ । साझा नागरिकताले नेपालीत्व र एकताको भावना झल्काउँछ । यसबारे तामाङको भनाइ छ, "हिमाल, तराई र पहाडका नागरिकहरू एकआपसमा मिलेर बसेको यो इतिहास हाम्रो एकताको पहिलो आधार हो" (पृ. १५०) । तर उनले तर्क गरेजस्तै हिमाल, पहाड र तराई मिलेर बसेको भन्न सकिने अवस्था चाहिँ हो भने एउटै बनाउ है ! को नाममा त्यत्रो ठूलो आन्दोलन चर्किन नपर्ने थियो । अझै पहाड र तराई एउटै बनाउ है ! को नाममा द्वन्द्व चलिरहेको छ । यसबाट मिलेर बसेकोभन्दा पनि जबर्जस्ती मिलाइएको प्रष्ट हुन्छ । तसर्थ यसलाई एकताको पहिलो आधार मान्न

सकिँदैन कि ? बरु एउटा दरिलो राष्ट्रिय एकताको वा राष्ट्रवादको निर्माणले मात्रै भावी सङ्घीय राज्यहरूलाई एकताको सुत्रमा बाँधेर राख्दछ ।

प्रस्तुत पुस्तकमा तीनै जना लेखकले आर्थिक विभेदको मुद्दालाई सामाजिक न्यायसँगै जोडेर हेर्नुपर्ने उल्लेख गरेका छन् । पहिचान प्रधान हो भन्दाभन्दै पनि धनी गरीबको विभेद मेटाउनुपर्छ भन्ने तर्क उनीहरूको छ । आर्थिक बृद्धि र विकासको वितरणमा समानता र समता हुनुपर्छ भन्ने तर्क सही छ । त्यस्तै समानता मौलिक अधिकारको रूपमा हुनुपर्छ भन्ने तर्क पनि उत्तिकै दह्रो छ । यसले हुनेखाने र हुँदाखानेको दूरी कम गर्नमा सहयोग पुऱ्याउँछ ।

बहुराष्ट्रिय राज्यको वकालत पुस्तकमा गरिएको छ तर असफल भएका राज्यहरूका उदाहरण दिएर तर्साउन खोजेजस्तो पनि देखिन्छ । विगतमा जस्तो राजनीतिक अस्थिरता भावी सङ्घीय राज्यमा हुन नहुने सुझाव लेखक खनालको छ । खुल्ला पूँजीवादी राजनीतिक, आर्थिक र सामाजिक व्यवस्थाका पक्षमा खनाल देखिन्छन् । सुवेदी समाजवादी अर्थ-राजनीतिक व्यवस्थाको पक्षमा उभिएका छन् भने तामाङले माओवादीको सङ्घीयताले वैधता पाएको तर्कले निष्पक्ष हुन खोज्दा खोज्दै पनि यतातिर ढल्केको भान हुन्छ । तापनि पुस्तकका तीनैवटा लेखहरू उत्कृष्ट छन् ।

पुस्तकमा केही कमजोर पक्षहरू पनि छन् । पहिलो लेखको उपशीर्षकहरूमा एकरूपता छैन । कुनै शीर्षकमा 'बोल्ड' गरिएको छ भने कुनैमा छैन । यस लेखमा निष्कर्ष पनि छैन । यति लामो व्याख्या र विश्लेषणको निष्कर्ष हुनुपर्थ्यो । दोस्रो लेखमा लेखकले त्रिभुवनलाई 'दिल्ली पलायन' भन्ने शब्द प्रयोग गरेका छन् । यसलाई पलायन भन्न नमिल्ला किनभने उनी सधैँका लागि गएका थिएनन् । सोही लेखमा 'विश्वकीकृत,' 'विश्वयीकृत,' 'विश्वयीकरण' जस्ता शब्द छोट्याउन खोज्दा शब्द विकृत भएका छन् । अनुच्छेद कुनै ज्यादै लामा र कुनै ज्यादै छोटा छन् । तालिका २.१ मा जमिनको वितरणको स्थिति देखाउँदा लेखकले बाहुन/क्षेत्रीको देखाएका छैनन् । तुलनाको लागि त्यो पनि देखाएको भए राम्रो हुन्थ्यो । अन्तिम लेखमा विद्वान्को परिभाषाले लामा लामा ठाँउ ओगटेको भान हुन्छ ।

केही कमी कमजोरीहरू हुँदाहुँदै पनि विश्लेषणात्मक शैलीमा लेखिएको प्रस्तुत पुस्तक उत्कृष्ट छ । भावी सङ्घीय राज्यमा हुनुपर्ने गुदी कुराहरूका बारेमा लेखिएका लेखहरू समय सापेक्ष छन् । राज्य पुनर्संरचनासम्बन्धी बजारमा पाइने अरू पुस्तकहरूले निश्चित खाका सिफारिस गरेका हुन्छन् तर यो पुस्तकले यही नै हुनु पर्छ भन्नेभन्दा पनि यस्तो हुँदा र यी विषयवस्तुहरू भावी संरचनामा समावेश गराउँदा ठीक होला भनेर बहस अगाडि सारेको छ । पुस्तकको आकार पनि उपयुक्त किसिमको छ । कभर डिजाइनमा अमूर्त कला समावेश छ । पुस्तक धेरैभन्दा धेरै पाठकहरूको हातमा पुगोस् भन्ने हेतुले होला यसको मुल्य रु. १५० मात्रै छ । यो पुस्तकको विषयवस्तु, आकार तथा सबै दृष्टिकोणले निकै सस्तो देखिन्छ । विशेष गरेर पुनर्संरचना, सङ्घीयतासम्बन्धी

अध्येयता, अनुसन्धानकर्ता, जिज्ञासु, राजनीतिज्ञ र अभियान्ताका लागि यो पुस्तक निकै उपयोगी  छ । 'नयाँ नेपाल' कस्तो हुने भन्ने चर्को बहस चलिरहेको बेला प्रकाशित यस कृतिको सान्दर्भिकता निकै छ ।

**याम बहादुर पुन**
काठमाडौं